# पाणिनी गाउँपालिका

Panini Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

W744+QGC

9857086520

दुर्गाफाँट, अर्घाखाँची

Durgaphant, Arghakhanchi

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal


पत्र सङ्ख्या/Letter: ०८०/८१

चलानी नं./Ref No:

## नदीजन्य पदार्थको बिक्रीका लागि शीलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१२

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ १(च) मा भएको व्यवस्था, नेपाल सरकारको ढुङ्गा, गिटी, बालुवा उत्दनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ , लुम्विनी प्रदेश सरकार नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ तथा पाणिनी गाँउपालिकाको स्वीकृत सार्बजनिक खरीद नियमावली २०७७ बमोजिम तपशिलमा उल्लेखित खोला/नदी/खहरेहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी प्रदेश सरकार, लुम्विनी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी तपसिल बमोजिमका शर्तहरूको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.सं. | सूचना नं. | विवरण | उत्खनन परिमाण (वार्षिक) क्यु.फुट | न्यूनतम बोलपत्र रकम ( सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | PRM/A/ 03/080-81 | पाणिनी-८ पाली स्थित सौर्य खोलाका विभिन्न बगरक्षेत्र | ३,४४,०७७ घन फूट | २०६४४६२.०० | कबोल अंकको ५ % ले हुने रकम | ३०००.०० |
| २. | PRM/A/ 04/080-81 | पाणिनी-८ पाली स्थित बागी खोलाका विभिन्न बगरक्षेत्र | ७९,४०२ घन फूट | ४७६४१२.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ३. | PRM/A/ 05/080-81 | पाणिनी-३ र ५ स्थित सिस्ने खोलाका विभिन्न बगरक्षेत्र | ७६,२२६ घन फूट | ४५७३५६.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ४. | PRM/A/ 06/080-81 | पाणिनी गाँउपालिका वडा नं ६ स्थित एक्लेफाँटमा रहेको बालुवा | १६,०२२ घन फूट | ९६१३२.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ५. | PRM/A/ 07/080-81 | पाणिनी-३ खिदिम स्थित दुर्गाफाँट देखि फर्सवा जाने बाटोमा रहेको पहिरो | ५०,८१८ घन फूट | ३०४९०८.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |
| ६. | PRM/A/ 08/080-81 | पाणिनी-३ खिदिम स्थित वाक्ले खोला र सौर्य खोला मिसिएको दोभानको फेदीको साईड | १६,९३९ घन फूट | १०१६३४.०० | कबोल अंकको ५ % ले हुने रकम | १०००.०० |

पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744+QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र सङ्ख्या/Letter: ०८०/८१
चलानी नं./Ref No:

**शर्तहरू:**

१. बोलपत्र फारम दस्तुर बापत यस कार्यालयको राजश्व शाखाबाट माथि उल्लिखित रकम फिर्ता नहुने गरी खरीद गर्न सकिनेछ साथै नगद जम्मा गरेको नगद रसिद साथ निवेदन पेश गरी लुम्विनी प्रदेश सरकार नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ को दफा ७को उपदफा २ बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट शिलबन्दी बोलपत्र / दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। कबोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमई बैंक पोखराथोक शाखामा रहेको ग-३.१ पाणिनी गाउँपालिका धरौटी खाता नं. 21504010000009 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सीलबन्दी खामसाथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरूमा उल्लेख भएको सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

४. यस गाउँपालिकाका नदी/ खोला तथा नदी/खोलाहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन,२०७४, नेपाल सरकारको ढुङ्गा, गिटी, बालुवा उत्दनन्, बिक्री तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ , लुम्विनी प्रदेश सरकार नदीजन्य पदार्थ ब्यवस्थापन कार्यविधि २०७५ तथा पाणिनी गाँउपालिकाको स्वीकृत सार्बजनिक खरीद नियमावली २०७७, यस गाउँपालिकाबाट जारी भएका पाणिनी गाउँपालिकाको संक्षिप्त वातावरणीय तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, वातावरणीय संरक्षण ऐन २०७६, वातावरणीय संरक्षण नियमावली २०७७ , प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिने छ।

.....................
रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website www.paninimun.gov.np मा समेत हेर्न सकिनेछ।)